## धितोपत्र दर्ता तथा निष्काशन (छैठौं संशोधन) नियमावली, २०७९

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "धितोपत्र दर्ता तथा निष्काशन (छैठौं संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ मा संशोधनः धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ९ को उपनियम (६) पछि देहायका उपनियम (६क), (६ख) र (६ग) थपिएका छन्:-

"(६क) संगठित संस्थाले शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा निष्काशित शेयरको दश प्रतिशत शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि छुट्याई बाँडफाँड गर्नु पर्नेछ।

(६ख) उपनियम (६क) बमोजिम निष्काशित शेयरमा सम्बन्धित व्यक्तिले आवेदन दिंदा बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खातामार्फत मात्र भुक्तानी गर्नु पर्नेछ।

(६ग) उपनियम (६क) बमोजिम छुट्याएको शेयर बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी जारी गर्नु पर्नेछ।"

३. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित नियमनकारी निकायले तोकेको व्यवस्था पूरा गर्नु पर्ने प्रयोजनको लागि अंकित मूल्यमा थप सार्वजनिक निष्काशन गर्ने संगठित संस्थाको हकमा उपनियम (२) को व्यवस्था लागू हुने छैन।"

४. मूल नियमावलीको नियम ३८ मा संशोधनः मूल नियमावलीको नियम ३८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

“(१) विवरणपत्र प्रकाशन गरी निष्काशन गरिएको धितोपत्र बाहेक अन्य समूहको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन।

तर प्राइभेट इक्वीटी, भेन्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारको कोषको रुपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको स्वामित्वमा रहेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले एक वर्षको अवधि पूरा भएपश्चात् बिक्री गर्न सक्नेछ।

स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि “अन्य समूहको धितोपत्र” भन्नाले संगठित संस्थाले विवरणपत्र प्रकाशन गरी सार्वजनिक निष्काशन गरेको तथा सर्वसाधारण समूहमा रहेको धितोपत्र बाहेक संस्थापक वा अन्य समूहले लिएको धितोपत्र र सो धितोपत्रमा प्रदान गरिएको बोनस वा हकप्रद धितोपत्रसमेत सम्झनु पर्छ।”

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं